कार्यविधि नं. २
कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०७/२०

# प्यूठान नगरपालिका

## बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम संचालन कार्यविध, २०८०

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान
लुम्विनी प्रदेश

# बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम संचालन कार्यविध, २०८०

**प्रस्तावना**:- आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा पिछडिएका वेरोजगार युवा तथा बृद्ध, एकल महिलाको आर्थिक उन्नतिको लागि नगरवासीको अर्थपूर्ण सहभागिता बढाउने उद्धेश्यले स्थातिय तहको आवश्यकता र प्राथमिकताको आधारमा वेरोजगार युवासंगको सहकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम प्यूठान नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

**परिच्छेद–१**

**प्रारम्भिक**

(१) संक्षिप्त नाम र प्रारम्भ :– (१) यस कार्यविधिको नाम बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम संचालन कार्यविध, २०८० रहेकोछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

(३) बेसार प्रशोधन केन्द्र ( (अनुसूची–२ मा उल्लेखित सामानहरु लगायतका अन्य भौतिक संरचना समेत) को पूर्ण स्वामित्व प्यूठान नगरपालिकाले लिनेछ।

**(३) परिभाषाः-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) **"नगरपालिका"** भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्दछ।

(ख) **"नगर प्रमुख"** भन्नाले प्यूठान नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

(ग) **"उपप्रमुख"** भन्नाले प्यूठान नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

(घ) **"प्रमुख"** भन्नाले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ङ) **"अध्यक्ष"** भन्नाले स्थानीय तहको वडा अध्यक्ष सम्झनु पर्दछ।

(च) **"सदस्य"** भन्नाले स्थानीय तहको वडा सदस्य सम्झनु पर्दछ।

(छ) **"प्राथमिकता समूहका वेरोजगार युवा"** भन्नाले भौगोलिक, सामाजिक,–सास्कृतिक, आर्थिक, मानाविय तथा राजनीतिक रुपमा पिछडिएको समूदायमा रहेका युवाहरुलाई सम्झनु पर्दछ।

(ज) **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ।

(झ) **"युवा"** भन्नाले १८ वर्ष देखि ४५ वर्षसम्मका नागरिकलाई सम्झनु पर्दछ।

(ञ) **"उपभोक्ता समिति"** भन्नाले यस कार्यक्रममा सहभागी भई गठन गरीएको समिति सम्झनु पर्दछ।

(ट) **"निर्देशन समिति"** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ठ) **"कार्यान्वयन समिति"** भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ड) **"संक्षिप्त सूचि"** भन्नाले आवेदकहरुको प्रारम्भिक सूचिबाट छनौट गरी तयार भएको सूचि सम्झनु पर्दछ ।

(ढ) **"भोल–नेपाल"** भन्नाले स्वयंसेवक नेपाल, राष्ट्रिय समूह संस्थालाई सम्झनु पर्दछ।

(ण) **"सहयोगी संस्था"** भन्नाले बेसरा प्रसोधन केन्द्रमा प्राविधीक तथा आर्थिक सहयोग गर्न संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

**(३) बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम संचालनः**

नगरपालिकाले बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम संचालन आफै वा भौगोलिक, सामाजिक,सास्कृतिक, आर्थिक, मानाविय तथा राजनीतिक रुपमा पिछडिएको समूदायमा रहेका वेरोजगार युवाहरु वा निजि क्षेत्रमा क्रियाशिल संस्थासंगको सहकार्यमा गर्न सक्नेछ।

**(४) निर्देशन समितिः–**

(१) बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम संचालन सम्वन्धि नीति निर्धारण, समन्वय, संचालन, तथा व्यवस्थापन गर्न नगर प्रमुख संरक्षक रहने गरी देहाय बमोजिमको निर्देशन समिति रहनेछ ।

| | |
|---|---|
| (क) उपप्रमुख, नगरपालिका | अध्यक्ष (संयोजक) |
| (ख) अध्यक्ष (वडा नं. ८) | सदस्य |
| (ग) नगरप्रमुख द्वारा मनोनित १ जना स्थानीय | सदस्य |
| (घ) भोल–नेपालको प्रतिनिधि | सदस्य |
| (ङ) कृषि शाखा प्रमुख | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका | सदस्य सचिव |

(२) निर्देशन समितितिले आवश्यकता अनुसार सम्वन्धित क्षेत्र (कृषि) को विशषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) छिमेकी पालिका तथा जिल्लाका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) निर्देशन समितिको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(५) निर्देशन समितिको काम, कर्तव्य र अधिकार**:- मूल समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) बेसार प्रशोधन केन्द्रको संचालन, मर्मत संहार निर्देशन समितिको प्रत्यक्ष निगरानी र नियन्त्रणमा रहनेछ। साथै उक्त केन्द्रमा आवश्यक पर्ने सम्पूर्ण मानव संसाधन तथा जनशक्तिको आपूर्ति निर्देशन समितिले गर्नेछ।

(ख) बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम संचालनको लागि आवश्यक पर्ने बजेटको लागि नगरपालिकासंग माग गर्नेछ। उक्त कार्यक्रमको लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(ग) बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रमलाई दीगोे र प्रभावकारी बनाउनको लागि नितिगत पहिचान गर्ने।

(घ) बेसार खेतीको लागि नगरपालिका भित्र रहेको नगरपालिकाको स्वामित्वमा रहेको पर्ती जग्गा तथा नीजी बाँझो जग्गाकोे खोजी गरी नगरवासीलाई बेसार खेतीको लागि प्रोत्साहित तथा अनुदान दिने नीतिगत व्यवस्था मिलाउने।

(घ) बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रमको ढाँचाका सम्वन्धमा अध्ययन तथा  विश्लेषण गर्ने।

(ङ) कृषकले उत्पादन गरेको कच्चा पदार्थ (वेसार) तथा प्रशोधित केन्द्रबाट उत्पादन भएको प्रशोधित बेसारको मूल्य निर्धारण गर्ने र प्रशोधित बेसार बिक्रीको लागि आवश्यक बजारिकरण गर्ने।

(च) बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रममा छनौट र मुुल्यांकन आधार र प्रकृया निर्धारण तथा परिमार्जन गर्ने।

(छ) प्रसोधन केन्द्रबाट हुने खरिद विक्री सम्वन्धमा हरहिसाव आधुनिक लेखा प्रर्णाली (विद्युतीय सफ्टवयर) मार्फत  दुरुस्त राख्ने।

(ज) कार्यक्रम संचालन तथा व्यवस्थापनमा भएका निर्णयहरु सम्वन्धमा उपभोक्ता समितिलाई जानकारी गराउने।

(छ) एक कार्यान्वयन समितिको गठन गर्ने।

(ज) बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रममा अनुसूची–१ बमोजिम दर्खास्त परी छनौट भएका कृषकहरुको सूची तयार पार्ने।

**(६) कार्यान्वयन समिति**:-

(१) बेसार प्रसोधन केन्द्रसंग रहने मिनि टेलर तथा कम्वाइण्ड मिल संचालनार्थ तथा बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रमको कार्यान्वयनमा सहजिकरण गर्नको लागि निर्देशन समितिको मातहतमा रहने गरी बेसार प्रसोधन केन्द्र रहेको वडामा वडास्तरको एक देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ।

| | |
|---|---|
| (क) अध्यक्ष (वडा नं. ८) | संयोजक |
| (ख) महिला सदस्य (वडा नं. ८) | सदस्य |
| (ग) नगर प्रमुखले तोकेको १ महिला सहित २ जना निर्वाचित प्रतिनिधी | सदस्य |
| (ङ) भोल–नेपालको स्थानिय प्रतिनिधि | सदस्य |
| (च) वडाको कृषि प्राविधीक | सदस्य |
| (च) सचिव (वडा नं. ८) | सदस्य सचिव |

(२) कार्यान्वयन समितिले आवश्यकता अनुसार सम्वन्धित क्षेत्र (कृषि) को विशषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यान्वयन समितिको कार्यविधि समिति प्यूठान नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**(७) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः-**

कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) बेसार प्रसोधन केन्द्रमा रहेको मेसिनरी सामानहरु (मिनि टेलर तथा कम्वाइण्ड मिल) किसानहरुलाई भाडामा दिने सम्वन्धमा भाडादर (मूल्य) तोक्ने र किसानहरुलाई सोही बमोजिम भाडा दरमा सहज रुपमा उपलब्ध गराउने।

(ख) मेसिनरी सामानहरु (मिनि टेलर तथा कम्वाइण्ड मिल) चलाउन र वेसार खेतीको लागि दक्ष जनशक्ति तयार पार्ने।

(ग) बेसार प्रशोधन केन्द्रको संचालनमा रहेको मेसिनरी सामानहरुको (मिनि टेलर तथा कम्वाइण्ड मिल आदि) आवश्यक मर्मत संहारको लागि निर्देशन समितिलाई सिफारिस गर्ने। साथै उक्त केन्द्रमा आवश्यक पर्ने सम्पूर्ण मानव संसाधन तथा जनशक्तिको आपूर्तिको लागि निर्देशन समितिलाई जानकारी गराउने।

(घ) नगरपालिका र निर्देशन समितिको निर्देशन बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने।

(ङ) बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रमलाई दीगोे र प्रभावकारी बनाउनको लागि नितिगत पहिचान गर्न निर्देशन समितिलाई आवश्यक सहयोग गर्ने।

(च) बेसार खेतीको लागि आफ्नो वडा तथा नगरपालिका भित्र रहेको नगरपालिकाको स्वामित्वमा रहेको पर्ती जग्गा तथा नीजी बाँझो जग्गाको खोजी गरी निर्देशन समितिमा जानकारी गराउने।

## परिच्छेद–३

**(८) सुचना सम्प्रेषणः-** बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम सम्वन्धि जानकारीको लागि सूचना वोर्ड, मोवाईल, ब्रोसर, ईमेल, टेलीफोन, भौतिक तथा डिजिटल पोष्टर, वेभसाईट तथा सामाजिक संन्जाल आदि मार्फत सूचना सम्प्रेषण गर्न सकिनेछ। सोको लागि आवश्यकता अनुसार नगरपालिका, निर्देशक समिति, कार्यान्वयन समिति र उपभोक्ता समिति वीच अन्तरक्रिया कार्यक्रम संचालन गर्न सकिनेछ।

**(९) प्राम्भिक सूची तयारी र प्रारम्भिक मूल्यांकन गर्नेः-** (१) बेसार खेतीको लागि केन्द्रले उपलब्ध गराउने जग्गामा खेती गर्न ईच्छुक कृषकहरुबाट (अनुसूची–१ बमोजिम परेको दर्खास्त) प्राप्त आवेदन माथि आन्तरिक कार्यविधि अनुरुप रहे नरहेको जाँचबुझ गरी प्रारम्भिक सूची तयार गर्ने।

**(१०) अन्तिम सूची प्रकाशनः-** दफा १० बमोजिमको प्राथमिकताको आधारबाट कृषकहरुको अन्तिम सूचि प्रकाशन गरिनेछ।

**(११) अन्तिम सूची तयार गर्ने मूल्याकंनको आधारहरु :-**

(क) सम्वन्धित वडावासी आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा पिछडिएका वेरोजगार युवा
(ख) आपाङ्ग

(ग) बृद्ध, एकल महिला

(घ) वेरोजगार युवा

**(१२) निर्देशन समितिको निर्णय अन्तिम हुनेः-** कृषक छनौट सम्वन्धमा भएको निर्देशन समितिको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद–४

**(१३) विद्युतिय शासन प्रर्णाली (E- Governance) लागू हुनेः-**

(१) बेसार प्रशोधन केन्द्रको हरेक गतिविधिहरु विद्युतिय शासन प्रर्णाली (भ्( न्यखभचलबलअभ) लागू गरिनेछ ।

(२) केन्द्रमा हुने सम्पूर्ण हिसाव किताव आधुनिक लेखा प्रर्णाली (Software तथा Ledger) बाट पारदर्शि रुपमा राखिनेछ ।

(३) बेसार प्रसोधन केन्द्रमा हुने हरेक गतिविधिको निगरानी गर्नको लागि CC Camera जडान गरिनेछ ।

(४) उत्पादित सामानहरुको बजारिकरण तथा प्रचार प्रसारको लागि (E-Commerce Platform तथा Web Portal) को विकास गरी कार्यान्वयन गरिनेछ ।

**(१४) बेसार प्रसोधन केन्द्रलाई सार्वजनिक निजी साझेदारी तथा लगानी मोडेल (PPP) मा परिणत गरिने:-** बेसार प्रसोधन केन्द्र संचालन भएको केही वर्ष पछि सार्वजनिक निजी साझेदारी मोडेल (एएए) मा परिणत गरिनेछ ।

**(१५) अनुगमन र पृष्ठपोषण:-** कार्यक्रम संचालनको क्रममा नगरपालिकाले आवश्यकता अनुसार अनुगमन गरी सम्वद्ध पक्षलाई पृष्ठपोषण दिन सक्नेछ ।

**(१६) अध्ययन तथा अनुसन्धानः**- वेसार उत्पादन तथा प्रशोधन सम्वन्धि थप अध्ययन तथा अनुसनधान आवश्यक परेको अवस्थामा निर्देशन समितिले अध्ययन अनुसन्धानको लागि आवश्यक व्यवस्था मिलाउनेछ ।

**(१७) अभिलेख राख्नेः**- निर्देशन समितिले बेसार उत्पादनको लागि छनौट भएका कृषकहरु र प्रशोधित वेसार खरिदकर्ताहरुको अभिलेख राख्नेछ ।

**(१८) वजेट व्यवस्थापनः-** बेसार प्रसोधन केन्द्र संचालनकोलागि आवश्यक पर्ने सम्पूर्ण वजेट नगरपालिकाले व्यवस्थापन गर्नेछ ।

**(१९) प्रशोधन केन्द्रको आम्दानी:-** वेसार प्रशोधन केन्द्रको सम्पूर्ण आम्दानी नगरपालिकाको आम्दानीको रुपमा राखिनेछ ।

**(२०) आवश्यकता अनुसार स्थानिय तहमा उपभोक्ता समिति गठन गर्न सकिनेछ ।**

## विविध

**(२१) आवश्यक व्यवस्था मिलाउन सक्नेः**- यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा कुनै द्धुविधा उत्पन्न भएमा नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**(२२) सहयोग गर्नु पर्ने:-** यस कार्यविधि बमोजिम वेसार खेति गर्ने वेरोजगार युवा किसानहरुको सहभागिता बढाउनको लागि सम्वन्धित सवैको कर्तव्य हुनेछ ।

**(२३) व्याख्या गर्ने अधिकार:-** यस कार्यविधिमा भएका कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ ।

**(२४) बाधा अड्काउ फुकाउन सक्ने:-** यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**(२५) कार्यविधिमा हेरफेर तथा थपघट गर्न सक्ने अधिकारः-** कार्यपालिकाले यस कार्यविधि, अनुसुची तथा अनुसूचीमा रहेको व्यहोरालाई हेरफेर तथा थपघट गर्न सक्नेछ ।

<u>**अनुसूची–१**</u>

ईच्छुक कृषकले वेसार खेतीको लागि नगरपालिकामा जग्गा उपलब्ध गराउन दिईने निवेदनको ढाँचा ।

श्रीमान्..............................ज्यू                                                                                    मितिः.................
प्यूठान नगरपालिकाको कार्यालय,
प्युठान ।

विषयः वेसार खेतिमा सहभागी हुन पाउँ ।

महोदय,

यस प्यूठान नगरपालिकाले आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा पिछडिएका वेरोजगार युवा तथा बृद्ध, एकल महिलाको आर्थिक उन्नतिको लागि वेसार खेतीकोलागि नगरपालिकाले जग्गा उपलब्ध गराउने कार्यक्रम रहेकोले म निवेदक समेत ईछुक रहेकोले वेसार खेतीको लागि सहभागी हुन यो निवेदन पेश गरेको छु । म एक वेरोजगार युवा ÷ बृद्ध÷एकल महिला भएको पुष्टि हुने कागजातहरु निवेदन साथ पेश गरेको छु ।

संलग्न कागजातहरुः

क.

ख.

ग.

१. नाम थरः

२. बाबु आमाको नाम ः

२. ठेगानाः

क. स्थायी ठेगानाः ............ गाउँ/नगरपालिका................वडा न........टोल............

ख. अस्थायी ठेगानाः ............ गाउँ/नगरपालिका................वडा न........टोल............

सम्पर्क नम्वर..........................ईमेल...........................................................

३. जन्म मिति (विक्रम सम्वत) ...................................

४. उमेरः........

५. लिङ्गः

६. शैक्षिक योग्यताः

७. अपाङ्गता भएमा सोको विवरणः

८. एकल महिला भएमा सोको विवरणः

५.बैवाहिक स्थितिः विवाहित / अविवाहित

<u>**निवेदक**</u>

............................
हस्ताक्षर
नामः..........................

## अनुसूचि–२

भोल नेपाल र प्युठान नगरपालिका वीच मिति   मा  भएको सम्झौता बमोजिम वेसार प्रशोधन केन्द्रलाई प्राप्त भवन तथा मेसिनरी सामानहरुको विवरणः

| List of Materials | Quantity |
|---|---|
| Mini tiller | 10 |
| Combined mill | 2 |
| Drying Poly House | 1 |
| Packing Small | 1 |
| Packing Big | 1 |
| Boiler Machine | 1 |
| Veg cutter (300 kg Capacity) | 1 |
| Washer | 1 |
| Electric Weighing Machine 20 kg | 1 |
| Electric Weighing Machine 200 kg | 1 |
| Grinder Machine | 1 |
| Peeler Machine | 1 |
| Building With Toilets | 1 |

# बेसार उत्पादन, प्रसोधन तथा विक्री वितरण कार्यक्रम संचालन कार्यविध,

# २०८०

**प्यूठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विजुवार प्यूठान**